म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३०० २०८१ असोज ७ गते सोमबार 23 September 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**सभ्य रुपमा चाडपर्व मनाऔं**

- चाडपर्वमा तडक–भडक सहितका खर्चिला कार्यक्रमहरु नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सद्भाव कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक

# ललितपुर महानगरलाई हस्तकलाको राजधानी घोषणा गर्ने



*प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्नुहुँदै मुख्यमन्त्री बहादुर सिंह लामासहित दलका नेताहरु ।*

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारको न्युनतम साझा कार्यक्रम सार्वजनिक भएको छ । आइतबार पत्रकार सम्मेलन गर्दै सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको हो । प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, सत्तारुढ दल नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा योजना मन्त्री सुरजचन्द्र लामिछाने तथा प्रदेश सभा सदस्यहरुको उपस्थितिमा सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको हो ।

न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै मुख्यमन्त्री लामाले नागरिकको आकांक्षा र महत्वकांक्षालाई समेट्ने गरी सरकार अघि बढेको छ । सरकारले न्यूनतम साझा कार्यक्रमले विकास निर्माण र नागरिकको आवश्यकतालाई समेट्ने काम गरेको उहाँले बताउनुभयो । प्रदेश सरकारले आवश्यकताको आधारमा विकास र सुशासनका कामलाई तिव्रता दिएको उहाँको भनाई छ ।

एमाले दलका नेता थपलियाले प्रदेशका नागरिकहरुको आकांक्षा सम्बोधन गर्न सरकारले प्रयत्न गरेको बताउनुभयो । उहाँका अनुसार संविधानको कमि कमजोरी सुधार गर्नेगरी संघीय सरकार अघि बढेको र सोही अनुसार प्रदेश सरकारले समन्वय गरिरहेको छ । सरकार नतिजामुखी ढंगबाट योजना कार्यान्वयनमा साझा सवाल र मुद्धा तयार गरेर अघि बढेको उहाँले बताउनभयो ।

"हतारमा संविधान जारी गर्दा केही विषयहरुमा कमिकमजोरी भए । छिटोछिटो काम गर्दा संविधानमा त्रुटि भए । संविधान संशोधन गरेर स्थायी सरकार निर्माणमा सत्ता साझेदार दल अघि बढेको छ" थपलियाले भन्नुभयो, "प्रदेशको समानुपातिक विकासमा प्रदेश सरकार जिम्मेवारपूर्वक काम गरिरहेको छ । संविधान र संघीयता कार्यान्वयनमा सत्ता साझेदार दल गम्भीर ढंगबाट अघि बढेको छ ।"

भ्रष्टाचारको अन्त्यगरी सुशासन कायम गर्न, भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउने, संविधानमा आवश्यक संशोधन गर्न र कानुन निर्माण गर्न संघीय सरकारलाई सहयोग गर्ने प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रममा समावेश गरिएको छ । संघीय सरकारसँगको समन्वयमा प्रदेश प्रहरी स्थापना गर्ने, प्रदेश सरकारका मन्त्रालयहरुका प्रदेश सचिवहरु र स्थानीय तहका प्रशासकीय अधिकृतहरु प्रदेश सरकारले खटाउने व्यवस्था गर्ने, प्रदेश निजामती सेवा ऐन र स्थानीय निकाय सञ्चालन ऐनको आवश्यक संशोधन र परिमार्जन गर्ने, फजुलखर्च कटौती गरी आर्थिक अनुशासनलाई कडाइका साथ पालना गर्ने सरकारको न्यूनतम साझा कार्यक्रम रहेको छ ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघीय सरकारसँग कार्य विस्तृतीकरणको काम शिघ्र सम्पन्न गर्न सहकार्य र समन्वय गर्ने, प्रदेश नीति तथा योजना आयोग मातहत योजना बैंक स्थापना गर्ने, सम्भाव्यताको आधारमा ललितपुर महानगरलाई हस्तकलाको राजधानी घोषणा गर्ने, रुग्ण उद्योगहरुको प्राविधिक र आर्थिक सम्भाव्यताको आधारमा पुन: सञ्चालन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गर्ने प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रममा समावेश गरिएको छ ।

एक प्रदेश निर्वाचन क्षेत्र, एक स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योग स्थापना गर्ने, हेटौंडा-टेकु रज्जुमार्ग (रोप-वे) पुन: सञ्चालनमा ल्याउने, स्थानीय तहसँग सहकार्य गरी भूमि बैंक स्थापना गर्ने, 'जनताको जिज्ञासा सुझाव र गुनासा प्रदेश सरकारलाई सिधा फोन' कार्यक्रम गर्न मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा एक छुट्टै कक्ष स्थापना गर्ने, एक जिल्ला एक उत्पादन पकेट क्षेत्र घोषणा गर्ने र युवा लक्षित स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने सरकारको योजना रहेको छ ।

त्यस्तै प्रदेश सरकारले सुरु गरेका र हाल अधुरा रहेका आयोजनाहरु यथाशिघ्र सम्पन्न गर्ने, हरेक प्रदेश निर्वाचन क्षेत्रमा कम्तिमा एउटा बहुवर्षीय योजना सञ्चालन गर्ने, मुटु मृगौला र अर्बुद रोगको उपचारार्थ प्रदेश सरकारबाट प्रत्येक बिरामीलाई १ लाख रुपैयाँ उपचार खर्च सहयोग प्रदान गर्ने, काष्ठ आयातको प्रतिस्थापन गर्न सिजनिङ तथा ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने, सवारी चालक अनुमति पत्र (स्मार्ट लाइसेन्स) को यथाशिघ्र व्यवस्था मिलाउने, स्वदेशमै विद्युतीय सवारी साधनको उत्पादनलाई प्राथमिकता दिने, लगानी बोर्ड स्थापनाको प्रक्रिया पूरा गर्ने सरकारको न्यूनतम साझा कार्यक्रम रहेको छ ।




# प्रदेशसभामा ३ वटा विधेयकको प्रतिवेदन पेश

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशसभा बैठकमा ३ वटा विधेयकको निर्णयको प्रतिवेदन पेश भएको छ । प्रदेशसभाको आइतबार दिउँसो बसेको बैठकमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिका २ र उद्योग, पर्यटन तथा वातावरण समितिको एउटा विधेयकको प्रतिवेदन पेश भएको हो ।

बैठकमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति ठाकुर ढकालले समितिले दफावार छलफल गरेर तयार पारेको प्रदेश स्वास्थ्य ऐन २०७५ लाई व्यवस्था गर्न बनेको विधेयकको निर्णयको प्रतिवेदन र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको निर्णयको प्रतिवेदन पेश गर्नुभएको हो । उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्द कुमार श्रेष्ठले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको निर्णयको प्रतिवेदन पेश गर्नुभएको हो । उक्त विधेयकका प्रतिवेदनहरु माथि सोमबार बसेको बैठकमा छलफलपछि पारित हुनेछ ।

बैठकमा प्रदेश सभा सदस्य केशव प्रसाद पोखरेलले ध्यानाकर्षण प्रस्ताव पेश गर्नुभएको थियो । उहाँले विद्युतीकरण सम्बन्धी विषयमा पेश गरेको ध्यानाकर्षण प्रस्ताव माथि सभामुख भुवन कुमार पाठकले संघीय सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।



# सम्पादकीय

## स्वार्थका लागि सहमति

संसदीय शासन प्रणालीमा सरकारमा सामेल नभएको व्यवस्थापिका संसदमा रहेको दललाई प्रतिपक्ष दल भनिन्छ । धेरै दलहरु प्रतिपक्षमा रहेको अवस्थामा सबैभन्दा बढी सिट हुने प्रतिपक्ष दललाई प्रमुख प्रतिपक्ष पनि भन्ने गरिएको छ । आवधिक निर्वाचनपछि बहुमत ल्याउने दल सरकारमा जान्छ । एउटै दलले बहुमत नल्याएको अवस्थामा सबैभन्दा बढी सिट हुने दललाई सरकार बनाउने मौका दिइन्छ । त्यस्तो पनि हुन नसकेमा दुई वा दुईभन्दा बढी दलहरु मिलेर बहुमत पुऱ्याएर सरकार गठन गरिन्छ । सरकारमा सहभागी नभएको दलले प्रतिपक्षको भूमिका निभाउने प्रचलन छ । सरकारमा सहभागी नभएका कारण प्रतिपक्ष दललाई सरकारको ऐना भन्ने गरिएको छ, जसलाई हेरेर सरकारले आफ्नो कार्यलाई सही बाटोमा अगाडि बढाएको हुन्छ । सरकारले गरेका गल्ती कमजोरीहरुलाई औंल्याइदिने र सही कदम चाल्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने भनेकै प्रतिपक्षले हो

संसदीय व्यवस्थामा प्रतिपक्ष दलले सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्छ । प्रतिपक्ष दलले जनताको आवाज सदनमा उठाउँछ र उनीहरुको हक अधिकारको रक्षा गर्न अग्रसर हुन्छ । सरकारको निगरानी राखेर गलत कामविरुद्ध आवाज उठाउँछ र असल कामको लागि सहयोगी बन्छ । सार्वजनिक सरोकार वा महत्वको विषयमा आवाज उठाउँछ र संसदीय मूल्यमान्यताको जगेर्ना गर्दछ । जनताको हितअनुकूलको आवश्यक ऐन, नियम र कानुन निर्माणमा सहभागी हुन्छ । यी कुरा व्यवहारमा पाउन असल प्रतिपक्ष भएको अवस्थामा मात्र सम्भव हुन्छ । मुलुकको संघीय व्यवस्थापिका र प्रदेशसभाका प्रतिपक्ष दलबाट यस्तो असल कामको अपेक्षा निरर्थक बनिरहेको छ । प्रतिपक्ष दलका सांसदहरु गुटबन्दी गर्दै आफ्नै दलभित्र विभाजित बनिरहेका हुन्छन् । नेपालको संसदीय शासन प्रणालीमा जुनसुकै पार्टी प्रतिपक्ष र सरकारमा भए पनि आफ्नो र दलको स्वार्थ पूरा गर्नमै मरिहत्ते गरिरहेका हुन्छन् । दलभित्रको चरम विवाद, गुटबन्दी र शक्ति संघर्षले प्रभावकारी भूमिका निर्वाह गर्न सक्दैनन् । व्यक्तिगत र दलीय स्वार्थका लागि प्रतिपक्षले सरकारसँग वार्गेनिङ गर्दछन् । स्वार्थ पूरा गर्न हुने नहुने सबै प्रकारका सहमति गर्दछन् ।

बागमती प्रदेशसभामा पछिल्लो समय नेकपा माओवादी केन्द्र प्रमुख प्रतिपक्ष दल बनेको छ । केही महिना अघिसम्म सरकारको नेतृत्व गरेको माओवादी प्रतिपक्षमा पुगेको हो । विगतमा कांग्रेस वा एमाले प्रमुख प्रतिपक्षी हुँदा जे गरेको थियो, अहिले माओवादीले पनि प्रतिपक्षमा रहेर त्यस्तै गर्न थालेको छ । करिब दुई महिनापछि आइतबारका लागि आह्वान गरिएको प्रदेशसभा बैठक साविककै अवस्थामा चल्न नदिने भन्दै सरकारसँग वार्गेनिङ गरेको छ । प्रतिपक्षले संसद चल्न नदिने सम्भावना देखेपछि मुख्यमन्त्रीले सर्वदलीय बैठक राखेर प्रतिपक्षलाई मनाएपछि संसद बैठक सञ्चालन भएको छ । बजेट कार्यान्वयन, बजेटमा दलहरुबिचको सहमति, कर्मचारी सरुवा/बढुवा, विपद् व्यवस्थापन र सरकारको कामकाजका विषय सरकारसँग विमति राख्नु प्रतिपक्षी दलको कर्तव्य हो । तर, संसद बैठकमै यी विषयमा सरकारको धारणा मागेर खबरदारी गर्ने, सरकारको गलत काम कारबाहीबारे जनतालाई सुसूचित गर्नुपर्नेमा प्रतिपक्षी दलले सरकारसँग बैठक बसेर सहमति गर्नुले प्रतिपक्षको भूमिका निरर्थक बनेको छ ।

नेपालका राजनीतिक दलले इमान्दारीपूर्वक प्रतिपक्षको भूमिका निर्वाह गरेको बिरलै भेटिन्छ । प्रतिपक्षी दलले सार्वजनिकरुपमा सरकारको गलत कामको बिरोध नगरेर कोठे बैठकबाट सहमति गर्नुले प्रतिपक्षीको भूमिका कमजोर बनाएको छ । संसद बैठकबाटै सरकारलाई खबरदारी गर्ने र जनतालाई सुसूचित गराउनुको साटो संसद बैठकअगावै "सरकारले सहमति गरे बैठक चल्न दिने, अन्यथा बैठक चल्न नदिने" अडान राख्नुले प्रतिपक्षी दल स्वार्थप्रेरित भएको स्पष्ट हुन्छ । राजनीतिक दलबिच सहमति भएपछि जे गरे पनि हुन्छ भन्ने मानसिकताले संसदीय प्रणालीको पक्षपोषण गर्न सक्दैन । सरकार सत्ता पक्षको र सदन प्रतिपक्षको भन्ने गरिएको भए पनि सरकारसँग स्वार्थप्रेरित सहमति गरेर प्रतिपक्ष दलले सरकारलाई सदनसमेत जिम्मा लगाउनु लोकतन्त्रको मर्मविपरित हुन्छ । जनताका आवाजलाई मुखरित गर्दै नागरिकको इच्छा, चाहना र आकांक्षाको सम्बोधन गर्न सरकारलाई खबरदारी गर्ने भूमिकाबाट प्रतिपक्ष विचलन हुनु हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइ–लेखाइमा सरिक भइने समयको योग छ ।
**वृष** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**मिथुन** : धार्मिक काममा सरिक भइने समय योग छ ।
**कर्कट** : इष्टमित्रको सहयोग प्राप्त हुने समयको योग छ ।
**सिंह** : अध्ययन–अध्यापनका काममा सरिक भइने समय योग ।
**कन्या** : साथी संगतले मन बिचलित होला ।
**तुला** : विद्या र प्रतिस्पर्धाबाट लाभ प्राप्त होला ।
**वृश्चिक** : धार्मिक र सामाजिक कामबाट लाभ प्राप्त ।
**धनु** : प्रेमका कोपिलाहरु फक्रिएर जालान् ।
**मकर** : माया प्रेममा विश्वास बढेर जाने समयको योग छ ।
**कुम्भ** : आफू भन्दा ठूलाको आदेश शिरोपर गर्दा राम्रो ।
**मीन** : अध्ययन अध्यापन कार्यमा सरिक भइने समय छ ।

# 'रुदाने' का लेखकलाई धन्यवाद



**रमेश प्रसाद लामिछाने**

१. लामो कोट, प्रायः दुई पकेटवाला सर्ट, सर्टको छातीमा दुबैतिर थाहा लेखिएको, अग्लो शरीर, बलियो र कसिला हात पाखुरा, साथमा प्रायः हाते माईक, एउटा मैलो झोला, कोटको पकेटमा प्रायः भुटेको चना र भटमास नछुट्ने, सबैलाई 'तँ' भन्ने, 'भाते' भनिहाल्ने, गाली गरिहाल्ने, अत्यन्तै सक्रिय र जाँगरिलो देखिने, घरका भित्ता र बाटोका ढुंगा अनि व्यक्तिका कपडामा थाहाको छाप लगाईहाल्ने व्यक्ति भनेर रुपचन्द्र विष्टको परिचय बनेको थियो । उनका पर्चा किनेर पढ्नु पर्ने, विद्यार्थी र महिलालाई विशेष छुट दिईने पर्चा सानो कागजमा थोरै शब्द हुने गर्दथ्यो । रुपचन्द्रको भिन्न भेषभुषा र पहिचानबाट एकपटक देखे भेटेको मान्छेले कहिल्यै बिर्सन नसक्ने चिनारी नै बनेको थियो ।

पर्चामा लेखिएको शब्दका भाव सहजै नबुझिने, व्यापक अर्थ लाग्ने र सो को व्याख्या रुदाने आफैंले गर्दथे । गाउँमा किसान तथा महिलाले काम गरेको देख्ने बित्तिकै सँगसँगै घाँस काट्ने, मल बोक्ने, कोदाली समाई हाल्ने, भारी बोकी हाल्ने, जोत्न लागी हाल्ने, जे मिल्यो सो खाने, मान सम्मान पटक्कै नचाहिने, हिँडेरै घर घरै पुगेर छाप्रे जगाउने भन्दै गाउँ-गाउँ विकट र दुर्गममा समेत पुग्ने एक अनौठो अनुभूतिको प्रवाह गर्ने जसरुको पहिचान नै बनेको थियो ।

२. रुपचन्द्र विष्टसँग तुलना गर्न योग्य मान्छे मैले आजसम्म देखेको र पढेको छैन । उनी अराजक थिए । सम्पन्न परिवारमा जन्मे, हुर्केर पनि सुख सयल तथा विलासी जीवन त्यागेर बुद्धमार्ग रोजेका रुपचन्द्र एक दार्शनिक नै हुन् । मार्क्सका चेलाको साँच्चै उदाहरण खोज्ने हो भने रुपचन्द्र विष्ट पहिलो नम्बरमा पर्नुपर्दछ । माओका सही अनुयायी रुदाने नै हुन् भन्दा अतिशयोक्ति नहोला । उनले नगद वा श्रमबाट मूल्य नतिरी कसैसँग कुनै वस्तु सित्तैमा लिएको वा मागेको थाहा भएन । आफ्नो भाषणमा उनी मार्क्स, लेनिन, बुद्ध, माओ र गान्धीसँगै पुष्पलालका नाम छुटाउँदैनथे । उनी मकवानपुरका सबै विकट गाउँ र घर-घर पुगेका छन् । रुपचन्द्रका विद्रोही अभिव्यक्ति, कार्यशैली र व्यवहारले स्थानीय पञ्चे, मण्डलेहरु मात्र होइन तत्कालिन राष्ट्रिय पञ्चायतका केन्द्रीय मण्डलेहरु, सरकार र राजा पनि उनीसँग झस्केका धेरै उदाहरण छन् । समाज परिवर्तनका लागि एक्लै हिँडिरहने र कहिल्यै नथाक्ने छाप्रे जाग्नै पर्छ र उनीहरुले थाहा पाउनु पर्छ तब मात्र यो समाज बदलिन्छ भन्ने जागरण मकवानपुरका कुना-कुनामा फैलाउने व्यक्ति रुपचन्द्र विष्ट नै हुन् भन्दा बिमति नहोला ।

३. हालै टंक चौलागाईंको 'रुदाने' बजारमा आएपछि उत्सुकतापूर्वक किताब किनेँ । किताब किन्दाको भन्दा बढि उत्सुकता लिई पढ्न थालेँ । पढ्न थालेपछि छोड्न मन लागेन । लगातार पढेँ । पढेर सिध्याएँ । किताब पढेर सकेपछि केहि लेख्ने सोच बनाएँ । यो लेख्दा मैले लेखकसँग अनुमति लिएको पनि छैन र मेरो चिनजान पनि छैन । फेरि पनि, रुपचन्द्र विष्टका बारेमा पढेपछि केहि नलेखी बस्नै सकिन । रुदाने दामन पालुङमा उदाए । त्यहिँ हुर्के । काठमाडौंसँग जोडिए । दामन पालुङदेखि मकवानपुर जिल्लाभरका भुईंमान्छेलाई बिउँझाउने अभियानमा सक्रिय भए । यहि सन्दर्भमा 'थाहा' आन्दोलन नै बन्यो । छाप्रे जगाउने भन्दै 'थाहा' घरको भित्तामा, कागजका टुक्रामा, व्यक्तिले लगाएका गन्जीमा, सर्टमा, कमिजमा, टोपीमा हुँदै सार्वजनिक भवनका भित्तामा, बाटाका ढुंगामा, काठमा, साईनबोर्ड आदिमा व्यापक बनेको धेरैलाई थाहा छ । चालिसको दशकका हामी मकवानपुरेका माझमा अविस्मरणीय व्यक्ति बनेका रुपचन्द्र विष्टका बारेमा अनेकौं किम्वदन्ती नै बने । तत्कालिन अमरज्योति स्कूल हालको जनकल्याण माध्यमिक विद्यालयको निर्माण र विकासबाट शिक्षामार्फत शैक्षिक अभियानको अनि पालुङ विकास घरको स्थापनाबाट नागरिक जागरणसहित कृषि क्रान्तिको बिगुल फुकेका रुपचन्द्र विष्टका बारेमा महाकाव्य लेख्दा पनि कमै हुन्छ ।

४. रुपचन्द्र विष्टका बारेमा स्मरण गराउने र थप जानकारी दिने काम गरेकोमा टंक चौलागाई प्रति विशेष आभार, धन्यवाद दिनै पर्दछ । रुदानेका बारेमा धेरै किताब आईसक्नु पर्थ्यो जस्तो बिगतमै महसुस नभएको होईन । यसअघि रुपचन्द्र विष्ट स्मारक समिति नेपालले वि.सं.२०६२ माघमा 'थाहा' नामको किताब प्रकाशन गरेको थियो । यो नै रुपचन्द्र विष्टका बारेमा पहिलो किताब थियो । त्यसपछि हाल टंकजीको रुदाने अघि रुपचन्द्रका बारेमा कुनै किताब बाहिर आएको मैले चाहीँ भेटेको छैन । उक्त 'थाहा' किताबका सामग्रीहरुको संकलक रामनारायण बिडारी हुन् । रुपचन्द्रले लेखेका पर्चाहरु र राष्ट्रिय पञ्चायतमा उनले गरेका भाषणहरु समेटिएको उक्त किताब नै रुपचन्द्रलाई चिन्न, बुझ्न, जान्न र थाहा पाउन पर्याप्त नभए पनि उनका विचारहरुका सवालमा भने व्यापक जानकारी समेटिएको छ भन्नै पर्दछ । यद्यपी उक्त किताबमा व्यक्तिगत कुराहरु भने छैनन् । रुपचन्द्र विष्टका बारेमा लेख्ने नै हो भने रामनारायण बिडारीले नै बढि बुझेको हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

५. सन्दर्भलाई टंक चौलागाईंको "रुदाने' सँग जोड्नु यो आलेखको ध्येय रहेको छ । टंकजीले प्रस्तुत गर्नुभएका शिर्षकहरु नै प्रस्तुत किताबका बारेमा बोलिरहेका भेटिन्छन् । किताबको मूल्य रु ७९५/- अंकित रहेको कुल ४१० पेजमा समेटिएको उक्त 'रुदाने'मा लेखकका रोजाईका रोचक तथा आकर्षक ११९ वटा शिर्षकहरु (सिङ, दलन, गाँठो, आँसु, प्रश्नैप्रश्न, सुरक्षा कवच, रुपचन्द्र, सानोघर ठूलोघर, खराब शासन, ढिंडो, पसिनाको मूल्य, छाप्रेमा परिवर्तन, मण्डले प्रवृत्ति, डुलुवा जीवन, आक्रमण, मिसावट, विचारको माला, एक्सिलेण्ट, घर कि राजनीति, कु, सुराकी, लाज, स्याबास, ज्ञानको भोक, प्रधानपञ्च, ढुङ्गाको भारी, विकासैविकास, झडप, कर, भोज, तारिख, गौरी, विवाह सभा, यात्रा, बोझ, नाली, पाविस, छलछ्याल, सपना, सामना, मात, घरमै शिक्षक, खर्चको जोहो, आफ्टर स्कूल, रुपचन बहुला, देखेको रुस, राजिनामा, अँध्यारो उज्यालो, रुपचनको भुत, खोजी, दबाब, भिक्षु, रुदाने, कृषि कर्म, प्रकृतिप्रेम, धनी देश, पर्यटकको माया, विजयको प्रतिक, आफ्नो बाटो, पाहुना नहुँदा, दोषी को ?, खोजको बाटो, पहेँलो र निलो, बहिष्कार, जनअधिकार, फरक विचार, लोप्चन, छाप्रेको जित, दमन, मोडाई, बीउ, पानी बत्ति र बाटो, शब्द फिर्ता, महापञ्चहरुको नाच, फूल मकै, राडी, निगरानी, जनमुखी गीत, बोराको ढोका, रोजगारी, ढिंडो, हात काट्ने, घाम आफूलाई, सुरक्षा, बोपाटु, पपुलारिटी, थाहा, सुबिधाको गाडी, सरकार, घरदैलो अभियान, चेपाङ सभापती, जनमुखी विजय, चितुवा कविता, शक्ति, ठूलैठूला, सिन्को, सुविधा, जिज्ञासा, घर, पापै, विरोधी, बहुला निर्दयी, चुप, अग्नि परीक्षा, अन्तरवार्ता नदिने, यज्ञ कि साङ्गे, मृत्यु, गाँजा, असफलता, मलामी, अन्तरवार्ता, रोजाईः मृत्यु, मृत्यु-घोषणा, तङ्ग्रिने कोशिश, आफ्नै मृत्युको खबर, भोट अठासी, इच्छा मृत्यु, अन्तिम प्रत्यक्षदर्शी, इतिहास जीवनी र आख्यानको त्रिवेणी राखिएकका छन् । प्रत्येक शिर्षकको रोचक प्रस्तुती लेखकीय क्षमता प्रसंशनीय छ ।

६. प्रस्तुत किताबमा मूल पात्र रुपन्द्र विष्टका अतिरिक्त भाइ-बहिनी गुणन्द्र विष्ट र गीता, श्रीमती उमा शाह, छोरी सामना, रामनारायण विडारी (बोपाटु), रणसंग्राम विष्ट, अजेयराज सुमार्गी (हल्लुँड), ज्योति रायमाझी (काग), कृष्ण घिमिरे, अनन्त पौडेल, कृष्ण राना, शशी शेरचन (स्वनाम साथी), एकराज उप्रेती, रामहरि सुवेदी, तेजराज उप्रेती, केपी ओली, लवशेर विष्ट, देवप्रकाश त्रिपाठी, दिल बहादुर श्रेष्ठ, चिया पसले सहदेव, पुष्पलाल, निर्मल लामा, नर बहादुर कर्माचार्य, पुष्पकमल दहाल, गिरिराजमणि पोखरेल, नारायणकाजी श्रेष्ठ, कमल थापा, विरोध खतिवडा, राम, बासु, रामजी, हिरा, विमल, शुक्र, विश्वकान्ति कलावती, अमृत राजथला, बलराम बल, भक्तबहादुर श्रेष्ठ, मनमोहन अधिकारी, श्याम श्रेष्ठ, शशी श्रेष्ठ, जनक विष्ट, कृष्ण प्रसाद भट्टराई, मरिचमान, ठेकेदार पुरनमान, व्यापारी महात्मा, जुद्ध शमसेर, विश्वकान्ति मैनाली, लोकेन्द्र बहादुर चन्द, लिलामणि पोखरेल, पद्मरत्न तुलाधर, गणेशमान सिंह, नरबहादुर बिष्ट, तुल्सी थापा, झलक चन्द्र विष्ट, मन कुमारी रायमाझी, लप्टन बिष्ट, दामोदर शमशेर, भुवन प्रकाश विष्ट, हरिकृष्ण विष्ट, शिव कार्की, रामकृष्ण कार्की, राम बहादुर रायमाझी, कर्णध्वज, बद्रि बहादुर, बुद्धिलाल राजथला, रामलाल गोपाली, गोवर्द्धन थापा, रविन्द्र खनाल, गणेश बर्तौला, अशोक बानियाँ, गोपाल ढकाल, शिव राणा, लक्षु विष्ट, कलानाथ अधिकारी, ओमुटेम्पा लामा, तिलक बहादुर नेगी, डोरमणि पौडेल, रविन्द्रनाथ, रुद्र गिरी, वीरेन्द्रकेशरी पोखरेल लगायतका व्यक्तिहरुको नाम अटाएको भेटिन्छ ।

६. अन्तमा, टंक चौलागाईंद्वारा प्रस्तुत 'रुदाने' ले रुपचन्द्र विष्टका बारेमा धेरै कुरा उजागर गरेको छ । प्रस्तुत किताबमा उल्लेखित रुपचन्द्रको जीवनशैली, जनतासँगको व्यवहार, सरकार र व्यवस्थाप्रतिको दृष्टिकोण, जीवनका उतारचढावका अवयवहरु, पर्चा र भाषणमा व्यक्त भनाईहरु सबै सर्सर्ती थाहा पाउनका लागि कम्तिमा एक पटक उक्त किताब रुदाने अध्ययन गर्नै पर्दछ । एक दार्शनिक व्यक्तिका बारेमा उनले भनेका लेखेका भनाईहरु ब्याख्या गर्ने हो भने धेरै विज्ञहरुले वर्षौंसम्म मिहिनेतका साथ खट्नुपर्ने हुन्छ । यो किताबको प्रस्तुती पश्चात रुपचन्द्र विष्टका आफन्त तथा निकटका व्यक्तिहरुलाई थप किताब बाहिर ल्याउन प्रेरित गरेको छ । रुपचन्द्रको अवसान दुखद् मात्र हैन, अत्यन्तै पीडापूर्ण रहेको स्थिति उनको निधन भन्दा करिब १५ दिन पहिले वि.सं. २०५६ जेठको अन्तिम साताातिर कृष्ण घिमिरेसँगै भाइ बद्रि प्रसाद लामिछानेले नैकापको जीर्ण कटेरोमा भेट्दा देखेको दृष्य ह्दयविदारक सुनाए । उनको श्रीमती उमा शाह, छोरा, छोरी सामनाका कोणबाट पनि दार्शनिक रुपचन्द्रका बारेमा तितामिठा अनुभूतिका संगालो बाहिर प्रकाशन हुँदा जसरुका थप आयाम बुझ्ने अवसरको अपेक्षा गर्न सकिन्छ ।

# ग्रीन टी कति पिउने, कहिले पिउने ?

ग्रीन टीले मानिसको तौल घटाउनदेखि प्रतिरोधात्मक शक्ति बढाउन फाइदाजनक मानिन्छ । कयौं अध्ययनहरूले ग्रीन टीलाई सही तरिकाले प्रयोग गर्दा शरीरलाई धेरै फाइदाहरु हुने देखाएको छ ।

तर, यसलाई पिउँदा केही नोक्सानहरू पनि छन्, जसबारे तपाईंलाई थाहा नहुन सक्छ । हेल्थलाइनको एक रिपोर्ट अनुसार ग्रीन टी धेरै पिउँदा तपाईं आफ्नो शरीरलाई चाहिनेभन्दा बढी क्याफिन लिइरहनुभएको हुन्छ ।

यो तपाईंको पेटको समस्याको कारण बन्न सक्छ । यति मात्र होइन, यसले तपाईंको निद्राको चक्र पनि प्रभावित बन्न सक्छ । टाउको दुख्ने, तनाव, कब्जियत, एसिड रिफल्क्स र उल्टी जस्ता समस्या पनि निम्तन सक्छ ।

क्याफिनले तपाईंको मांसपेशीमा पनि असर पुग्छ । त्यसैले यसलाई खाली पेटमा भन्दा केही खाएपछि खान विज्ञहरू सुझाउँछन् ।



### कति पिउने ग्रीन टी ?

हेल्थलाइनको रिपोर्ट अनुसार दिनभरमा तपाईंले सानो कपको ३-४ कप पिउनु उपयुक्त मानिन्छ । यसलाई कहिले पनि खाली पेटमा पिउनु हुँदैन । बरु खाना खाएपछि राम्रोसँग पचाउन यसलाई पिउन सकिन्छ । यद्यपि, खाना खाने बित्तिकै पनि यसलाई पिउनु हुँदैन । कम्तीमा १५ मिनेटको अन्तर राख्न जरुरी हुन्छ ।

### माइग्रेन

ग्रीन टीमा क्याफिन हुन्छ । जसलाई पहिले नै माइग्रेनको समस्या छ, उनीहरुले यसलाई पिउँदा ध्यान दिनुपर्छ किनभने यसले त्यो समस्या बल्झाउन सक्छ ।

### आइरनको कमी

ग्रीन टीमा एन्टीअक्सिडेन्ट हुन्छ । तर, यसले शरीरमा आइरन सोस्ने प्रक्रियामा बाधा पुऱ्याउन सक्छ । आइरनको कमीको कारण हुने रोग र एनिमियाजस्ता समस्याबाट ग्रसित मानिसहरूका लागि यो पिउनु खतरनाक हुनसक्छ ।

### रगत पातलो बनाउने

ग्रीन टीले तपाईंको रगत पातलो बनाउन सक्छ । ग्रीन टीमा पाइने एक यौगिकले शरीरमा फाइब्रिनोजेनलाई नष्ट गर्छ । ग्रीन टीले फ्याटी एसिडको अक्सीकरणलाई पनि रोक्छ, जसले खुन पातलो हुनसक्छ । रजस्वलाको दौरान ग्रीन टी पिउनु राम्रो मानिँदैन ।

### कलेजको समस्या

ग्रीनको अत्यधिक सेवनले कलेजोको समस्या पनि निम्त्याउन सक्छ । विज्ञका अनुसार क्याफिनले कलेजोमा दबाब बढाउन सक्छ ।

अस्वीकरण (Disclaimer) : यो सामग्री हामीले एजेन्सीबाट लिएका हौं । यसलाई पूर्ण ठानेर यहाँ बताइए बमोजिम आफैं अभ्यास नगर्नुहोला, यसलाई आधार मानेर एकपटक सम्बन्धित विषयको चिकित्सकसँग परामर्श लिनुहोला ।

*(स्रोतः रातोपाटी)*

# हाम्रो गोर्खामा विडारी



समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, भैरवरोडस्थित हाम्रो गोर्खा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशन शनिबार सम्पन्न भएको छ। अधिवेशनबाट चक्रधर विडारी तेस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष निर्वाचित हुनुभएको छ । अधिवेशनबाट डिलाराम तिवारी उपाध्यक्ष, माधव ज्ञवाली सचिव, राजेन्द्र लामिछाने कोषाध्यक्ष चयन हुनुभएको छ।

यस्तै सदस्यमा तोताद्री नाथ पौडेल, सुदर्शन पाठक, सञ्जीतप्रसाद कानु सर्वसम्मत चयन हुनुभएको छ । लेखा समितिको संयोजकमा तेजप्रसाद दुलाल, सदस्यमा अमित मानन्धर र दीपक कुमार वर्णवाल निर्वाचित हुनुभएको छ । विडारीको अध्यक्षतामा साधारणसभा भएको हो । गत आर्थिक वर्षको अन्त्यसम्ममा सहकारीको सेयर पुँजी ९१ लाख रुपैयाँ रहेको छ भने सात करोड ३६ लाख रुपैयाँ बचत संकलन गरेको छ । सहकारीले छ करोड ७६ लाख रुपैयाँ ऋण लगानी गरेको छ ।

# युवा संगठनमा १३ जना मनोनित

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुर जिल्ला समितिमा १३ जना मनोनित भएका छन् । जिल्ला अधिवेशनको जिम्मेवारीसहित संयोजकको जिम्मेवारी प्राप्त गर्नुभएका किशोर केसीले उपसंयोजकमा अनिल लामा, सदस्यसचिवमा सुजित पोखरेल, कोषाध्यक्षमा सुजन श्रेष्ठलाई मनोनित गर्नुभएको छ । गत भदौ २५ गते केसीलाई जिल्ला तदर्थ समितिको संयोजकको जिम्मेवारी दिइएको थियो ।

केसीले सदस्यमा नवराज न्यौपाने, सरोज लामा, धनन्जय विष्ट, निरजल पुडासैनी, दिनेश थापा मगर, जिवनाथ फुयाँल, आयुष महत, सजन कार्की, प्रमोद भण्डारी र निरज भण्डारीलाई मनोनित गर्नुभएको छ । जिल्ला समिति २१ सदस्यीयसम्म निर्माण गर्न सकिने उल्लेख गर्नुहुँदै आवश्यकताअनुसार थप सदस्य मनोनित गरिने संयोजक केसीले जानकारी दिनुभएको छ । केसी नेतृत्वको राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनले कात्तिक मसान्तभित्र जिल्ला अधिवेशन गर्नुपर्नेछ । आगामी सातादेखि पालिका अधिवेशन सुरु हुने केसीले बताउनुभयो ।

## लिलामी विक्री सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०७)*

यस श्री गुप्तेश्वर कृषि सहकारी संस्थाको नाममा रहेको ना ६ त ९३३३ नम्बरको जोन डियर ट्याक्टर न्यूनतम मूल्य रु ६,००,०००/- (छ लाख रुपैयाँ) कायम गरी लिलाम बिक्री गर्ने निर्णय भएबमोजिम इच्छुक व्यक्ति, संघ, संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र कबोलर कमसहित सिलवन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध छ । पुनश्च सिलवन्दी बोलपत्र निवेदन दस्तुर रु ५००/- (पाँच सय रुपैयाँ) लाग्ने छ ।

**अध्यक्ष**

**गुप्तेश्वर कृषि सहकारी संस्था लिमिटेड**

**हेटौंडा-१२, मकवानपुर**

**सम्पर्क: ९८४५५३७६१४**

## श्री बज्रवाराही माध्यमिक विद्यालय

थाहा नगरपालिका-६, बज्रवाराही, मकवानपुर

## सूचिकृत हुने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०७)*

प्रस्तुत विषयमा यस विद्यालयका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा मकवानपुर र यस विद्यालयबीच भएको सम्झौता अनुसार बस उपलब्ध गराउनका लागि इच्छुक उत्पादक तथा अधिकृत विक्रेताहरुबाट यो सूचना प्रकाशन भएको मितिबाट ३५ (पैंतीस) दिनभित्र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सूचीकृत गर्न गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१) सुचीकृत हुने व्यहोराको निवेदन ।
२) संस्था तथा कम्पनीको इजाजतपत्र ।
३) उत्पादक वा अधिकृत विक्रेताको दर्ता प्रमाणपत्र ।
४) आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र ।
५) उपलब्ध गराउने विद्यालय बसको पूरा विवरण भएको ब्रोसियर तथा क्याटलग ।

**पुनश्च** : सूचीकृत भएका उत्पादक वा अधिकृत विक्रेताहरु मध्येबाटै पूर्ण प्रतिस्पर्धात्मक र पारदर्शी ढङ्गबाट बस खरिदका लागि कुनै एक उत्पादक वा विक्रेता छानिनेछ ।

**रमेशमान डंगोल**

**प्रधानाध्यापक**

**सम्पर्क नं. ९८५५०-१५१५४/९८५५०-१२१५४/९८५१०२९४८७**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## स्वच्छन्द भैरव माध्यमिक विद्यालय

थाहा नगरपालिका-९, चित्लाङ

## सूचिकृत हुने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०७)*

प्रस्तुत विषयमा यस विद्यालयका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा मकवानपुर र यस विद्यालयबीच भएको सम्झौता अनुसार बस उपलब्ध गराउनका लागि इच्छुक उत्पादक तथा अधिकृत विक्रेताहरुबाट यो सूचना प्रकाशन भएको मितिबाट ३५ (पैंतीस) दिनभित्र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सूचीकृत गर्न गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१) सुचीकृत हुने व्यहोराको निवेदन ।
२) संस्था तथा कम्पनीको इजाजतपत्र ।
३) उत्पादक वा अधिकृत विक्रेताको दर्ता प्रमाणपत्र ।
४) आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र ।
५) उपलब्ध गराउने विद्यालय बसको पूरा विवरण भएको ब्रोसियर तथा क्याटलग ।

**पुनश्च** : सूचीकृत भएका उत्पादक वा अधिकृत विक्रेताहरु मध्येबाटै पूर्ण प्रतिस्पर्धात्मक र पारदर्शी ढङ्गबाट बस खरिदका लागि कुनै एक उत्पादक वा विक्रेता छानिनेछ ।

**प्रधानाध्यापक**

**सम्पर्क नं. ९८६५२७२९४९**

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले



# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## बालबालिकाको अधिकार



सभ्यता कुँवर

हामी साना बालबालिका पढी ठूलो बन्नेछौं
पढी लेखी हाम्रो देशको विकास गर्नेछौं ।।

नखोस है बालअधिकार बालबालिका हामीबाट
खोसेदेखि ठूलो अपराध होला तिमीबाट ।।

अधिकार हो हाम्रो पढ्न लेख्न पाउने
कतिऔं बालबालिकाको सपना होला विद्यालय धाउने ।।

हाम्रो अधिकार खोसी नगर हामी माथि श्रम
बढ्दैछ है देशको विकास हुने क्रम ।।

हामी बालबालिका ज्ञानी भई पढ्नेछौं
देशको विकास गर्न भनी हामी अघि बढ्नेछौं ।।

*कक्षा-७*

## चमेरोको चुच्चो किन बुच्चो ?

### (पुस्तक समीक्षा)



अनुराधा बस्नेत

पुस्तक परिचय: "चमेरोको चुच्चो किन बुच्चो ?" कथा विधाको पुस्तक हो । यस पुस्तकलाई कथालय काठमाडौँले प्रकाशनमा ल्याएको हो । विक्रम सम्वत २०६७ सालमा ३१०० प्रति छापिएको यो पुस्तकको मूल्य १३० रहेको छ । आकारको हिसाबले मझौला आकारको यो पुस्तक को आईएसबीएन नम्बर ९७८ ९९३७ ५१५ १४६ रहेको छ ।

लेखक परिचय: दुई दशकभन्दा लामो समयदेखि बालसाहित्य सिर्जनामा समर्पित ध्रुव घिमिरेले ६० भन्दा बढी बालबालिका सम्बन्धी पुस्तक लेखेका छन् । उनी बाल साहित्य लेखनका साथै सैद्धान्तिक विमर्शमा पनि उत्तिकै पोख्त छन् । कथावाचन तथा सम्पादन पनि गर्ने उनले नेपाली बाल साहित्यसँग सम्बद्ध धेरै पुरस्कारहरू पनि प्राप्त गरेका छन् ।

विषयवस्तु: यो कथाको विषयवस्तु सामाजिक रूपमा हुने विषयलाई लिएर लेखिएको छ । चमेरो अरु चराहरूसँग खाने कुरा खोज्न जाने बेला चमेरो बीचबाटै फर्कन्थ्यो । ऊ सुटुक्क त्यही रुखमा आएर अरु चराका फुलहरु चोरेर खाने गर्थ्यो । यसरी दिनका दिन फुलहरू हराएको देखेर चराहरुले अचम्म माने उनीहरुले गुण कुरुवा लाटोको सेरोलाई यसबारेमा सोधे र लाटो कोसेरोले आफूले दिउँसोमा आँखा नदेख्ने भएकाले यो कुरो बताउन सकेन । एकदिन राती चमेरो यसैगरी चराका फुलहरु खान आएको लाटो कोसेरोले देख्यो र उसले ती आमा छोराहरुलाई यो कुरा सुनायो । र सबै चराहरु मिलेर चमेरालाई पक्रिएर फुल फुटाएर खाने चमेरोको चुच्चो मुढुलो बनाइदिए ।

पात्रहरू: यस बाल उपन्यासभित्र चमेरो, सुगा, मैना, लाटो कोसेरो, सरौटे काग, चिल, ढुकुर, कालिज लगायतका अन्य थुप्रै जातका चराहरू रहेका छन् । यिनै पात्रहरूले यस कथालाई अगाडि बढाएका छन् । यी पात्रहरूमध्ये पनि यस उपन्यासलाई सुरुदेखि अन्त्यसम्म डोऱ्याउने मुख्य पात्र चमेरो रहेको छ । ऊ एकदमै बदमास चरित्रको छ ।

वातावरण: यस उपन्यासमा एउटा घना जंगल देखाइएको छ र चराहरू पनि छन् चराहरुले गुड बनाइरहेका छन् । कुनै कुनै चराहरुले ढकनी भएको बनाइरहेका छन् कुनै कुनै चराहरुले छानो नभएको गुड बनाएका छन् । यो जंगलको वातावरणमा घटिएको कथावस्तुमा आधारित उपन्यास हो ।

उपन्यासको मुख्य सन्देश: हामीले समाजमा मिलेर बस्नुपर्छ । अर्कालाई दु:ख दिने काम गर्नु हुँदैन । कसैले कसैलाई धोका दिनु हुँदैन नत्र चमेरोको जस्तै समाजबाट एक्लिएर बस्नुपर्छ भन्ने शिक्षा पाइन्छ ।

भाषाशैली: यस उपन्यासमा प्रयोग भएका भाषा र शब्दहरू पढ्नका लागि सजिला छन् । सजिलैसँग बुझ्न सक्ने भएकाले उपन्यास पढ्न कुनै गाह्रो छैन । यसमा जंगलमा पाइने विभिन्न जातजातिका चराहरूको नाम आएकाले यो पुस्तक पढ्न निकै रमाइलो लाग्ने खालको छ ।

शीर्षक सार्थकता: यस कथाले भन्न खोजेको कथावस्तु र यसले राखेको शीर्षक बीच मेलमिलाप देखिन्छ । किनभने चमेरोको चुच्चो किन बुच्चो भन्ने भन्ने शीर्षक अनुसारकै कथा यस पुस्तक भित्र पाइन्छ र चमेरोको चुच्चोलाई सबै चराहरु मिलेर बुच्चो बनाइदिएको कथा यस उपन्यासमा भेटिन्छ ।

पाठकीय प्रतिक्रिया: मलाई यो पुस्तक एकदमै मनपऱ्यो । र रमाइलो पनि लाग्यो । समाजमा बसेपछि सबैसँग मिलेर बस्नुपर्छ भन्ने यो पुस्तकले सिकाएको छ । नराम्रो काम गरे चमेर ाको जस्तै हालत भोग्नुपर्छ भनेर पनि हामीलाई सजक बनाएको छ । म यो पुस्तक मेरा साथीभाइ र परिवारलाई पढ्न अनुरोध गर्दछु । र लेखकलाई अझै यस्तै शिक्षामूलक पुस्तकहरु लेख्न आग्रह गर्दछु ।

*कक्षा-५*

## बालअधिकार



अमेस्का मैनाली

बालबालिका हुन् भोलिका कर्णधार
प्रदान गरौं सबै बालबालिकालाई बालअधिकार ।।

कसैको बालअधिकार हनन् हुन कदापी नदेउ
बरु यसको सट्टा यस सम्बन्ध नारा बनाऊ ।।

सचेत गरौं सबैलाई बालअधिकार हनन् बारे
बालबालिकाको ज्यान बच्थ्यो हामीले एक पाइला सारे ।।

बालबालिकाको ख्याल र सुरक्षा गर्नुपर्ने
बालअधिकारको हनन् गर्नेलाई कडा सजाय दिनुपर्ने ।।

बालबालिकाको गरौं राम्रोसँग पालनपोषण
हुन नदिउ उनीहरु मथि कुनै पनि शोषण ।।

*कक्षा-७*

## मकवानपुर जिल्ला लिग फुटबल

# हाँडीखोला र सहिद स्मृति अन्तिम ८ मा




*म्यान अफ द म्याच हाँडीखोलाका सञ्जीव गिरी ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटवल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता अन्तर्गत हाँडीखोला युथ क्लब र सहिद स्मृति क्लब अन्तिम ८ मा प्रवेश गरेको छ। आइतबार हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको समूह चरणको अन्तिम खेलमा चाइनाक्वार्टरलाई ६-० गोलले हराउँदै हाँडीखोला अन्तिम ८ मा प्रवेश गरेको हो भने दोस्रो खेलमा प्रगतिशील युवा क्लबलाई ३-० गोलले हराउँदै सहिद स्मृति अन्तिम ८ मा प्रवेश गरेको हो ।

समूह घ बाट ६ खेलमा ४ जीत निकालेर २ खोल बराबरी खेलेको हाँडीखोलाले १४ अंक जोड्दै क्वार्टरफाइनलमा प्रवेश गरेको हो भने समूह चरणको ६ वटै खेलमा हार व्यवहोरेको चाइनाक्वार्टर तालिकाको पुच्छारमा रहँदै खेलबाट बाहिरिनु परेको छ ।

समान ६ खेलमा ४ जीत निकालेर २ खेल बराबरी खेलेको सहिद स्मृति १४ अंक जोडेर तालिकाको शीर्षस्थानमा रहँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो भने ५ खेलमा २ जीत निकालेर १ खेल बराबरी खेलेको प्रगतिशील युवा क्लब ७ अंक जोडेर तालिकाको चौथो स्थानमा रहँदै समूहचरणको खेलबाट बाहिरिएको छ ।

प्रतियोगिताअन्तर्गत समूह ‘क’ को विजेता बन्दै एफसी पोताला र उपविजेता बन्दै सक्षम युवा क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ। समूह ‘ख’ बाट विजेता बन्दै गोर्खा ब्वाइज क्लब र उपविजेता बन्दै न्यू डाँफे क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ । यस्तै, समूह ‘ग’ को विजेता बन्दै पदमपोखरी र उपविजेता बन्दै न्यू कम्बाइन क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

सोमबार समूह चरणको अन्तिम खेलमा प्रतिभा युवा क्लब र युनाइटेन नाइनबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# एमाले भीमफेदीको अध्यक्षमा थापा

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले भीमफेदी गाउँपालिका कमिटीको अध्यक्षमा सीताराम थापा निर्विरोध निर्वाचित हुनुभएको छ । शनिबार सम्पन्न पार्टी गाउँपालिका कमिटीको दोस्रो अधिवेशनबाट थापा अध्यक्षमा निर्विरोध हुनुभएको हो ।

थापाको अध्यक्षतामा ५३ सदस्यीय पालिकास्तरीय कमिटी चयन भएको छ । समितिको उपाध्यक्षमा काशीराम बज्यु, सचिवमा शिवराज रुम्बा, उप-सचिवमा आशीष अस्लामी र विष्णुमाया रुम्बा चयन हुनुभएको छ ।


यस्तै, भौगोलिक क्षेत्र अन्तर्गत वडा नम्बर १ बाट खुला सदस्यमा श्यामकुमार बल, भीम लामा तितुङ, कृष्णबहादुर बल, सदस्य महिलामा कल्पना पाखिन र युवा सदस्यमा देवबहादुर थिङ निर्विरोध निर्वाचित हुनुभएको छ । २ नम्बर वडाबाट खुला सदस्यमा किरणकुमार थिङ र रामेश्वर गोपाली, सदस्य महिलामा हीरामाया घलान र शर्मिला महत तथा युवा सदस्यमा ईश्वर शर्मा बर्तौला निर्विरोध हुनुभएको छ ।

वडा नम्बर ३ बाट खुला सदस्यमा प्रकाश पौडेल, भरत सिंह पाखिन र महिलामा अम्बिका तिमल्सिना निर्विरोध हुनुभएको छ । यस्तै, ४ नम्बर वडाबाट खुला सदस्यमा भोजबहादुर बुढाथोकी, नवीन केसी, महिला सदस्यमा मखमली राना, युवा सदस्यमा युवराज थापा मगर र दलित सदस्यमा रमा सुनार निर्विरोध हुनुभएको छ । ५ नम्बर वडाबाट खुला सदस्यतर्फ ताराप्रसाद गोतामे, जयबहादुर लम्साल, बद्रीबहादुर पौडेल र तिलकप्रसाद रेग्मी, महिला सदस्यमा लक्ष्मी पुडासैनी, युवा सदस्यमा छलप्रसाद पुडासैनी र दलित सदस्यमा विमलाकुमारी विश्वकर्मा निर्विरोध हुनुभएको छ ।

वडा नम्बर ६ बाट खुला सदस्यतर्फ रेशमबहादुर पुलामी, रुद्र लामा, महिला सदस्यमा पम्फा योञ्जन, सीता थापा र युवा सदस्यमा विनोदकुमार राना निर्विरोध हुनुभएको छ। ७ नम्बर वडाबाट खुला सदस्यमा पर्मेश्वर राना मगर, सीता घलान र महिला सदस्यमा आशिका सिँजाली निर्विरोध हुनुभएको छ। ८ नम्बर वडाबाट खुला सदस्यतर्फ रामकुमार दानी, मनित डिम्डुङ, महिला सदस्यमा सीता थिङ र युवा सदस्यमा पवन खड्का निर्विरोध हुनुभएको छ। ९ नम्बर वडाबाट खुला सदस्यमा गोपाल पराजुली, सञ्जीव बर्तौला, उदयप्रसाद हट्वाल, महिला सदस्यमा सरस्वती बर्तौला, युवा सदस्यमा युवराज रुम्बा र दलित सदस्यमा शुभद्रा विश्वकर्मा निर्विरोध हुनुभएको छ ।

यस्तै, पालिका खुला निर्वाचन क्षेत्रबाट सदस्यहरुमा दिलप्रसाद पुडासैनी, रमेश आचार्य, रामहरि ठकुरी, सुदन विक र बादल सिलवाल निर्विरोध हुनुभएको छ । अधिवेशनले पालिका लेखा कमिटीको अध्यक्षमा सुदीप चिमरिया, उपाध्यक्षमा भोलाराम शिकारी, सचिवमा राजीव परियार र सदस्यमा सागर नेपालीलाई चयन गरेको छ । निर्वाचित कमिटीलाई निर्वाचन कमिटीका प्रमुख निर्वाचन अधिकृत पिताम्बर बास्तोलाले सपथग्रहण गराउनुभएको छ। नवनिर्वाचित कमिटीको कार्यकाल दुई वर्षको हुनेछ ।

पार्टी गाउँपालिका कमिटी अध्यक्ष सानु थापा मगरको सभाध्यक्ष तथा पार्टी केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा भएको अधिवेशनमा नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला र जिल्ला अध्यक्ष श्रीधर पोखरेललगायतको आतिथ्य रहेको थियो ।




# लडेर मानबहादुरको मृत्यु

समाज संवाददाता

हेटौँडाः नुवाकोट जिल्लाको ककनी गाउँपालिका-३, बालुवाखोलामा भीरबाट लडेर एकजनाको मृत्यु भएको छ । ककनी-३, चुह्याङटोलका ४२ वर्षीय मानबहादुर तामाङको भीरबाट लडेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ। शनिबार बिहान ८ बजेको समयमा भीरबाट लडेर मानबहादुरको मृत्यु भएको भनी प्रहरीलाई खबर प्राप्त भएको बताइएको छ । प्रहरीले शवको मुचुल्कापश्चात पोष्टमार्टमका लागि काठमाडौंस्थित शिक्षण अस्पताल पठाएको जनाएको छ ।

# क्रियसनले गर्‍यो कर्रा क्षेत्रको सरसफाइ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ र १० नम्बर वडाको कर्रा क्षेत्रमा सरसफाइ गरिएको छ । क्रियसन नेपालको आयोजनामा एनवाईसीए हेटौंडा, इफ्सा हेटौंडा, युथ रेडक्रस एफएयु, रोट्र्याक्ट क्लब अफ हेटौंडा र क्याण्डिड स्टुडियोको सहकार्यमा आइतबार बिहान कर्रा खोला पुल क्षेत्रमा सरसफाइ गरिएको हो ।

भीएफसी युथ हेटौंडाका भोलेन्टिएर अभिषेक चन्द र प्रतीक्षा पौडेलको नेतृत्वमा भएको सरसफाइ कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो । कर्रा पुलबाट वनविज्ञान क्याम्पसको गेटसम्म सरसफाइ गरेको आयोजक कमिटीका निश्चल भट्टले जानकारी दिनुभएको छ ।

सरफाइबाट ४६ किलोग्राम प्लाष्टिक, ५ किलोग्राम बोटल, ७ किलोग्राम एमएलपी, कुहिने फोहोर २० किलोग्राम र लो ग्रेज फोहोर २ किलो ५ सय ग्राम गरी करिब २ सय किलोग्राम फोहोर संकलन गरिएको भट्टले बताउनुभयो । करिब ४४ जनाको सहभागितामा कर्रा खोलाको पुलदेखि वनविज्ञान संकायको गेट वरपर सरसफाइबाट संकलित फोहरलाई पुनः प्रयोगमा आउने र नआउने छुट्याएर डम्पिङ साइटमा व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो ।

प्लाष्टिकजन्य फोहोरमुक्त नदी भन्ने नारालाई सार्थक बनाएर सरसफाइ कार्यक्रम गरेको भट्टले बताउनुभयो । नदी वरपरको पर्यावरण सफा राख्ने सबै पक्षको सहभागितामा सरसफाइ गरेको उहाँको भनाइ छ ।

विश्व बैंकको सहकार्यमा नदीहरुमा प्लाष्टिकजन्य फोहोरलाई न्यूनीकरण गर्न ७ वटा पालिकाको नदीमा सरसफाइ गर्नका लागि कार्यक्रम गरेको जनाइएको छ । आगामी दिनहरुमा वातावरण संरक्षणका लागि रचनात्मक कार्याक्रमहरु गर्दै जाने आयोजक कमिटीको भनाइ छ ।

यसअघि क्रियसनले राप्ती खोला परिसरमा सरसफाइ गरेको थियो। संस्थाले वातावरण संरक्षण अन्तर्गत नदीहरुलाई विशेष प्राथमिकता दिएर सरसफाइ गर्ने गरेको छ ।

# उपचाररत विरामीको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिकास्थित भरतपुर अस्पतालमा उपचाररत एकजना विरामीको मृत्यु भएको छ । चितवनकै रामपुर घर बताउने अन्दाजी ३३ वर्षीय पुरुष श्वास फेर्न गाह्रो भई उपचारका लागि भरतपुर सरकारी अस्पतालमा उपचाररत थिए ।


शनिबार राती साढे १२ बजेको समयमा उनको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। मृतकको परिचय नखुलेको र आफन्त पनि पहिचान हुन नसकेको प्रहरीले जनाएको छ ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...

असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ



Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौँडा-काठमाडौं-हेटौँडा | हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।
हेटौँडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।

भेष खड्गी, सञ्चालक

हाम्रो ईभी सेवा

हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

हार्दिक बधाई एवम् आभार



सभ्य एवम् भव्यताका साथ वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिता सम्पन्न भई विजेता बन्न सफल नेपाल खेलकुद महासंघ हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडा कमिटी टिम, उपविजेता हेटौँडा-९ लाई बधाई ज्ञापन गर्दै प्रत्यक्ष, अप्रत्यक्ष, देश तथा विदेशमा रहेर खुल्ला हृदयले साथ दिनु हुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छौं ।

धर्मराज पुडासैनी
कार्यक्रम संयोजक
एवम् नेपाल खेलकुद महासंघ ८ नम्बर वडा कमिटी
हेटौँडा उपमहानगरपालिका, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ